# Ⅲ-6 फोहोर

## 1. फोहोर कसरी ब्यबस्थापान तरिका

**फोहोरको मात्रा घटाउन रिसाइक्लिनं गर्ने उद्‌देश्यले अलग संकलन गरिन्छ।**

**फोहोर वर्गीकरण/ प्रकार**

- जल्ने फोहोर
- नजल्ने फोहोर
- पुराना पत्रपत्रिकाहरू, पुराना म्यागजिन हरू, खाली क्यान र प्लास्टिकको बोतलहरू

यदि तपाईं फोहोर कसरी हाल्ने भन्ने बारे नियम र शिष्टाचार पालना गर्नुभएन भने, यसले तपाईंको छिमेकमा समस्या निम्त्याउन सक्छ।

गर्न नहुने काम
①निर्णय गरिएको दिन बाहेक फोहोर फाल्न
②तोकिएको स्थान बाहेक फोहोर फाल्न
③नछुटाईकन फोहोर फाल्न

फोहोर् छुट्याउने प्रकार र नियमहरू नगरपालिकामा निर्भर गर्दछ, त्यसैले तपाइँको स्थानीय सरकारी कार्यालय वा छिमेकीहरूलाई सोध्नुहोस्। तपाई बस्ने ठाउँ आनुसार बिदेसी भाषा मा फोहोर फाल्ने तरिका लेखिएको विदेशी भाषामा फोहोरका बारे नियमहरू पर्चा पाइन सक्छ।

## 2. कसरी अन्य फोहोर फ्याँक्ने

### (1) ब्याट्री, पेय पदार्थ बोतल, आदि

ब्याट्रीमा हानिकारक पदार्थ हुन्छन् र प्रशोधनका लागि टेक्नोलोजी आवश्यक पर्दछ, त्यसैले सिद्धान्तमा ब्याट्रीलाई खरीद गरेको ठाउँ मा फ्याक्ने बक्स राखिएको हुन्छ र त्येहा फ्याक्नु पर्छ। कुनै कुनै बियर र जुसका खाली बोतलहरु किनेको ठाउँ मा फिर्ता गरे निश्चित रकम फिर्ता हुन सक्छ। किनेको स्टोरमा बुझ्नु होला।

### (2) कन्टेनर प्याकेजिंग, प्लास्टिक

समानहरु राखिने प्लास्टिक कन्टेनर र प्याकेजहरु, यस्ता समान फाल्न तोकिएको निश्चित दिनमा मात्र फ्याक्नु होला।

### (3) ठूलो फोहोर

ठुला फोहोर (एसी , टिभी, फ्रिज, वाशिंग मेशिन बाहेक ) जस्तै अनाबस्यक फर्नीचर र घर उपकरणहरू तोकिएको मितिमा फाल्नु होला या संबंदित नगरपालिका लाई फोन गरि समान उठाउने दिन रिजर्ब गर्नुहोला। तपाई बस्ने ठाउँ आनुसार समान हेरी फ्याक्ने शुल्क लिइने हुदा सम्बन्धित नगरपालिकामा शुल्क को बारे बुझ्नु होला।

### (4) एसी、 टिभी, फ्रिज, वाशिंग मेशीन, कपडा ड्रायर

एयर कंडीशनर, टिभी, फ्रिज, वाशिंग मेशिन र घरपरिवारका लुगा ड्रायरहरू फ्याँक्दा, तपाईंले इलेक्ट्रोनिक्स समान किनेको पसल अथवा एस्ता पुराना शुल्क लिएर उठाउने पसल लाई संपर्क गर्नु होला। यी सामानहरु बनाउने कंपनीले नै रिसाइकल गर्ने गर्छन्। नगरपालिकाले एस्ता समान नउठाउने हुदा सचेत रहनु होला।

घरेलु उपकरण पुन: प्रयोग कानून
URL http://www.meti.go.jp/policy/it_policy/kaden_recycle/